आज मिति २०७७ साल जेष्ठ ८ गते दिउँसो ११ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | सुधा ढकाल | अधिकृत | |
| २. | शशिम थाई | रोजगार संयोजक | |
| ३. | चण्डीका चौलागाईं | अधिकृत | |
| ४. | नवराज शर्मा | ईन्जिनियर | |

५. सनत दवाडी — सहायक पाँचौ

६. राजेन्द्र विवस पुन — ,, —— ,,

७. सरोज वली — एम.आई.एस. अपरेटर

८. केदार बहादुर कार्की — सहायक चौथो

९. पवन शर्मा — एम आई. एस अपरेटर

निर्णयहरु :

१) कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा लामो समय भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा असङ्गगठित क्षेत्रमा कार्यरत यस नगरपालिकाभित्र वसोवास गर्ने तथा नगरपालिका बाहिरकाश्रमिक बर्ग तथा असहाय परिवारलाई उपलव्ध गराएको राहत  वितरणको प्रतिवेदन जानकारी भयो ।

२)छिमेकी मुलुक भारतवाट आउने यस नगरपालिका भित्रकाश्रमिक तथा नागरिकहरुको स्वास्थ्य सुरक्षा तथा फैलन सक्ने संभावित महामारी  संक्रमणलाई ध्यानमा राखि  महामारी नियन्त्रण तथा रोकथाम गर्न यस नगरपालिकाभित्र निम्न स्थानमा क्विारेन्टाईन निर्माण गर्ने । र, उक्त क्वारेन्टाईन निर्माण, यवस्थापन तथा संचालन गर्न उल्लेख भए वमोजिमका समितिहरु गठन गर्ने ।

तपशिल :

| क्र. स | क्वारेन्टाईन निर्माण गर्ने स्थान | लाभान्वित हुने वडा | निर्माण,सँचालन तथा व्यवस्थापन समिति |
|---|---|---|---|
| क) | श्री त्रि.उ.मा.वि. खलंगा | वडा नं.१,२,३ र४ | सँयोजक : श्री लिला बहादुर शाह वडाध्यक्ष वडा नं.-३<br>सदस्य : श्री दिपक राना वडाध्यक्ष वडा नं.-१<br>सदस्य : श्री काली बहादुर वली वडाध्यक्ष वडा नं.-२<br>सदस्य : श्री खम्व जंग शाह वडाध्यक्ष वडा नं.-४<br>सदस्य : श्री विन्दु शाह कार्यपालिका सदस्य<br>सदस्य : श्री विर बहादुर वादी कार्यपालिका सदस्य<br>सदस्य : श्री मनकला नेपाली  कार्यपालिका सदस्य<br>सदस्य : श्री मिना पुन कार्यपालिका सदस्य<br>सदस्य : श्री सिर्जना वि.क.कार्यपालिका सदस्य<br>सदस्य : श्री रति नेपाली  कार्यपालिका सदस्य<br>सदस्य : अधिकृतश्री चण्डिका चौलागाई नगरपालिका<br>सदस्य : श्री निशा थापा स्वास्थ्य शाखा प्रमुख<br>सदस्य : वडासचिव वडा नं.-१<br>सदस्य : वडासचिव वडा नं.-२<br>सदस्य : वडासचिव वडा नं.-३<br>सदस्य : वडासचिव वडा नं.-४ |
| ख | श्री भगवती आ.वि.गंगटिया | वडा नं.५ र ६ | सँगोजक : श्री शशिराम बुढा वडाध्यक्ष वडा नं.-६<br>सदस्य : श्री श्यामलाल जैसी वडाध्यक्ष वडा नं.-५<br>सदस्य : एच.ए श्री सुरेन्द्र बहादुर पुनस्वास्थ्य चौकी गंगटिया<br>सदस्य : वडासचिव वडा नं.-५<br>सदस्य : वडासचिव वडा नं.-६<br>सदस्य : सुरक्षाकर्मी प्रतिनिधि  - १, जना |
| ग | श्री सरस्वती मा.वि. पुन्मा | वडा नं. ७ र ८ | सँयोजक : श्री चन्द्र बहादुर शाही वडाध्यक्ष वडा नं.-७<br>सदस्य : श्री कर्ण बहादुर कार्की  वडाध्यक्ष वडा नं.-८ |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | सदस्य : अहेव श्री दुशासन शाही आधारभुत वडा स्वास्थ्य केन्द्र, वडा नं. ७<br>सदस्य : वडा सचिव वडा नं. ७<br>सदस्य : वडा सचिव वडा नं. ८<br>सदस्य : सुरक्षाकर्मी प्रतिनिधि १ जना<br>सदस्य : श्री सुनिता शाही प्रतिनिधि टोल सुधार समिति वडा नं. ७ (सहकर्मी समाज जाजरकोट) |
| घ | श्री दिपेन्द्र मा.वि. भूर | वडा नं ९ र १० | संयोजक : श्री ध्रुव प्रसाद पौडेल वडा अध्यक्ष वडा नं. ९<br>सदस्य : श्री ठगेन्द्र बहादुर राना वडा अध्यक्ष वडा नं. १०<br>सदस्य : श्री पार्वती वि.क. कार्यपालिका सदस्य<br>सदस्य : श्री भद्रकला डाँगी कार्यपालिका सदस्य<br>सदस्य : अहेव श्री केशव प्रसाद आचार्य स्वास्थ्य चौकी भूर<br>सदस्य : वडा सचिव वडा नं. ९<br>सदस्य : वडा सचिव वडा नं. १०<br>सदस्य : सुरक्षाकर्मी प्रतिनिधि १ जना |
| ङ | श्री शिव शंकर मा.वि. जगतिपुर | वडा नं. ११, १२ र १३ | संयोजक : श्री लक्ष्मी प्रसाद जैशी वडा अध्यक्ष वडा नं. ११<br>सदस्य : श्री निम बहादुर भनारी वडा अध्यक्ष वडा नं. १२<br>सदस्य : श्री गोपाल बहादुर बटाला वडा अध्यक्ष वडा नं. १३<br>सदस्य : श्री सुनिल बुढा ईन्चार्ज स्वास्थ्य चौकी, जगतिपुर<br>सदस्य : अहेव श्री केशव प्रसाद आचार्य स्वास्थ्य चौकी भूर<br>सदस्य : श्री पवन विष्ट, ईन्चार्ज स्वास्थ्य चौकी, कुदु<br>सदस्य : वडा सचिव वडा नं. ११<br>सदस्य : वडा सचिव वडा नं. १२<br>सदस्य : वडा सचिव वडा नं. १३<br>सदस्य : श्री शारदा रेग्मी प्रतिनिधि टोल सुधार समिति वडा नं. ११ (सहकर्मी समाज जाजरकोट)<br>सदस्य : सुरक्षाकर्मी प्रतिनिधि १ जना |

३) यस नगरपालिका भित्रका नागरिकहरु जो छिमेकी मुलुक भारत र तेश्रो मुलुकवाट (मलेशिया, साउदी आदिबाट) आएका छन् उनीहरुको प्रारम्भिक परीक्षण गर्न RDT र पूर्ण परीक्षण गर्न PCR परिक्षणकोलागि स्वाब परीक्षण गर्न आवस्यक पर्ने VTM अभाव रहेकाले उल्लेखित परीक्षण सामग्रीहरु (RDT र PCR को लागि आवस्यक पर्ने VTM) आवस्यकताका आधारमा तत्काल खरिद गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

४) माथि उल्लेखित क्वारेन्टाईन स्थापना हुने विद्यालय भवनहरुमा बिद्युत सुविधा उपलब्ध नभई तत्काल बत्तीको व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भएको र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सार्वजनिक सूचना प्रकाशन गरी खरिद गर्न समय अभावका कारण असम्भव भएकोले चालु आ.व. को राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रतर्फ बिनियोजित बजेटबाट शिघ्र प्रक्रिया अवलम्बन मार्फत सोलार प्रणाली खरिद गरि क्वारेन्टाईन स्थलमा बत्तीको व्यवस्था गर्ने ।

Scanned with CamScanner

४) जिल्ला प्रशासन कार्यालय, जाजरकोटको मिति २०७६/१२/९ को अत्यावश्यक सेवा बाहेक अन्य सार्वजनिक सेवा प्रवाहा रोक्ने सम्वन्धी जारी गरिएको सुचना वमोजिम हालसम्म नगर कार्यपालिकाको कार्यालयवाट स्वास्थ्य तथा सरसफाई सम्वन्धी सेवाहरुमात्र सुचारु गरिएकोमा आर्थिक वर्ष समाप्तीको समयावधि,चालु आ.व.मा नगर पालिकावाट सुचारु गरिएका विकास निर्माणका कार्यहरुको भूक्तानी अवस्था एवं वजेट फर्छ्यौटको समयसिमालाई समेत मनन गरी नियमानुसार कार्यसम्पन्न गरेका योजनाहरुको भूक्तानी गर्न , सूचना जारी भएका मितिदेखि अगाडी पेश भई सम्झौता प्रक्रियामा रहेका योजनाहरुको मात्र सम्झौता गरी कार्यसम्पादन अगाडी बढाउन र मिति २०७६/१२/९ भन्दा पछाडी सम्झौता प्रक्रियामा समावेश नभएका नयाँ योजनाहरुको सम्झौता नगर्ननगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

५) सामाजिक दुरी कायम गरी प्रविष्ट गरिएका स्थानीय श्रमिकहरु मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ तय गरिएका योजनाहरु तत्काल सुचारु गर्ने ।

६) तपशिलमा उल्लेखित योजनाहरुलाई चालु आ.व.को मौज्दात वजेट शिर्षकवाट भूक्तानी गर्नेगरी कार्यसम्पादन प्रक्रिया अगाडि बढाउने ।

क. वडा नं.४ को शान्तिचौतारा स्थितट्राफिक प्रहरीको चेकपोष्ट नजिक भान्सा निर्माणसहयोग रु ३० हजार ।

ख. जिल्ला प्रशासन कार्यालय, जाजरकोटको परिसरभित्र विपत व्यवस्थापन सामाग्री स्टोर गर्न आवस्यक पर्ने सामाग्री निर्माण तथा खरिद गर्न रु १ लाख ।

ग) वडा नं. १३ मासिलाई कटाई तालिमकोलागि प्रशिक्षक रकम रु ६० हजार ।

घ) वडा नं.४ को बरकाल्ने स्थित खिम बहादुर पुनको घर देखि भेरी नदीको किनारा मसानघाट सम्मको बाटो निर्माण रु ३ लाख ।

ङ) वडा नं. ३ ठाँटी स्थित अनुसन्धान कार्यालयको तल्लो साईड पिच रोड मुनिको पहिरो नियन्त्रण रु ५ लाख ।

च) वर्षादको समयमा समेत आवागमन सुचारु गर्न रानागाउँ - नेटीबजार - भेरे जोड्ने सडक स्तरोन्नती गर्ने, प्राविधिक लागत स्टमेट वमोजिम ।

छ) गैरीखाली -पानीटंकी सम्मको विच खण्डमा जोखिम पर्ने स्थानमा पहिरो नियन्त्रण गर्ने,प्राविधिक लागत स्टमेट वमोजिम ।

ज) नगर कृषिशाखा मार्फत वडा नं. ४ को फूलवारी टोलमा निर्माण गरेको साना सिचाईयोजना टंकी निर्माण कार्यमा अपुग वजेट रु ५० हजार ।

झ) खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको खानेपानी मर्मत गर्न आवश्यक पर्ने सामाग्रीहरु (पाईप ३२ एम.एम.को २०० मीटर,पाईप ५० एम.एम.१०० मिटर तथा ईनटेक मर्मतकोलागि आवश्यक पर्ने छड तथा सिमेन्ट आदि) प्राविधिक लागत स्टमेट वमोजिम सहयोग गर्ने ।

७) तपशिलमा उल्लेखित डि.पि.आर.हरुको यस आ.व.मा चालुखर्च तर्फ विनियोजित परामर्श सेवा वजेट उप-शिर्षकवाट भूक्तानी गर्ने ।

Scanned with CamScanner

क. वडा नं.५ कोकाफलचौर स्थित निर्माणाधिन जाजरकोट बहु प्राविधिक शिक्षालयको भवन निर्माण डि.पि.आर.

ख. वडा नं.१२ को रावलगाउँ लिफ्ट सिचाई डि.पि.आर.

ग) वडा नं.११ को शिवशंकर मा.वि.को घेरावारको डि.पि.आर.

घ) वडा न ५ को विजय मा.वि. काफलचौरको निर्माणाधिन ५ कोठाको भवन निर्माण डि.पि.आर.

८)आगामी जेष्ठ २१ गते जातीय छुवाछुत तथा भेदभाव मूक्त नगरपालिका घोषणा गर्ने लक्ष्यकासाथ सँचालित पूर्ण जातीय छुवाछुत तथा भेदभाव मुक्त नगर अभियानलाई कोरना महामारी रोकथाम तथा नियन्त्रणको अवस्थालाई मध्यनजर गरी हाललाई स्थगित गर्ने र सो अभियानमा हालसम्म भए गरेका क्रियाकलापहरुको खर्च चालु आ.व.को चालु खर्चतर्फ विनियोजित कार्यक्रम बजेट उप-शिर्षकवाट भूक्तानी लेख्ने ।

९)चालु आ.व.मा विनियोजन गरिएको मेयरसँग स्वास्थ्य शिविर,उपमेयर सँग महिला कार्यक्रम तथा चालुखर्च तर्फ विभिन्न खर्च उप-शिर्षकमा विनियोजन गरिएको तर खर्च हुन वाँकी रकमलाई कोरना महामारी नियन्त्रण कोषमा रकमान्तर गरी महामारी रोकथाम तथा नियन्त्रणको लागि सँचालन गरिएका विभिन्न क्रियाकलापमा खर्च लेख्ने ।

१०) वडा नं १० को आधारभूत वडा स्वास्थ्य सेवाकेन्द्र सँचालनकालागि नयाँ भवन निर्माण गर्ने स्थान विवाद आएकोमा सो भवन निर्माण कार्यकालागि वडा नं.१० को दह भन्ने स्थान तोक्ने ।

११) मिति २०७६/९/४ गते प्रकाशित ठेक्का सुचनानुसार ठेक्का स्वीकृत भई निर्माणाधिन रहेका यस नगरपालिका भित्रका रहेका ७ (सात) गोटा आधारभूत वडा स्वास्थ्य सेवाकेन्द्रका भवनहरु लकडाउनका कारणले निर्माण कार्य अवरोध भएको र हाल निर्माण कार्य सुचारु गर्दा आवश्यक पर्ने वाह्य निर्माण सामग्री (ईट्टा) उपलव्ध गराउन निकै कठिन भएकाले सम्झौता गरेका निर्माण व्यवशायीले स्वीकृत सम्झौता रकमभित्र रही ईट्टा प्रयोग हुने कार्यमा स्थानीय स्तरमा उपलव्ध ढुंगाको प्रयोग गर्ने गरी निर्माण कार्य गर्न निवेदन पेश गरेमा उल्लेखित सामाग्री (ढुंगा र ईट्टा) प्रयोग हुने कार्यको लागत स्टमेट तथा परिमाण रिभाईज गरी निर्माण कार्य अगाडि बढाउने ।

१२) शसर्त अनुदान स्वास्थ्य तर्फ १ (एक) गोटा खोपकेन्द्र निर्माणकालागि प्राप्त भएको वजेट रु ३ लाख ५० हजार वरावरको रकमवाट वडा नं.२ को पैयाखेतमा स्वीकृत वजेट सिमाभित्र रही खोपकेन्द्र निर्माण गर्ने ।

Scanned with CamScanner